# हङकङ
# अल्पसंख्यकको
# हङकङ गरीबी अवस्थाको
# रिपोर्ट 2016
# कार्यकारी सारांश

---

हङकङ सरकार
विशेष प्रशासनिक क्षेत्र

Economic Analysis Division
Economic Analysis and
Business Facilitation Unit
Financial Secretary's office

Census and Statistics
Department

फेब्रुअरी 2018

अंङ्ग्रेजी संस्करण र यो कार्यकारी सारांश को नेपाली भाषा संस्करण बीच कुनै भिन्नता वा अस्पष्टता छ भने, अंग्रेजी संस्करण चालू हुनेछ। / If there is any inconsistency or ambiguity between the English version and the Nepali version of this Executive Summary, the English version shall prevail.

## कार्यकारिणी सारांश

ES.1 हामीलाई एसियाको वर्ल्ड सिटीको रूपमा स्थान दिइएकाले, विभिन्न जातिय मूलका मानिसहरू हङकङमा काम गर्न वा स्थापित हुन आकर्षित छन्। केहीले समुदायमामा घुलमिल हुन र एकीकृत हुनमा चुनौतीहरूको सामना गर्न सक्छन् र केहीले थप सुविधाहीन भएको तथा आफूलाई सहायताको आवश्यकता रहेको महसुस गर्छन्। सरकार र गरीबी आयोग (CoP) ले जातीय अल्पसंख्यकहरू (EM हरू) सहित सुविधाहीन व्यक्तिहरूको कल्याणमा धेरै महत्त्व दिएको छ। EM हरू लाई हङकङमा उनीहरूको जीवनलाई अनुकूल बनाउन, आत्म-निर्भर बनाउन र सामाजिक खुड्किलोबाट माथि उठ्न मद्दत गर्नका लागि विभिन्न उपायहरू आरम्भ गरिएका छन्। यी कार्यहरू गरीबीलाई रोकथाम गर्न र न्यूनिकरण गर्नका लागि पङ्क्तिबद्ध छन्।

ES.2 हङकङ सरकारले सन् 2015 को अन्त्यमा *जातीय अल्पसंख्यकको हङकङ गरीबी अवस्थाको रिपोर्ट 2014* जसले EM हरू को गरीबी अवस्थाको विस्तृत विश्लेषण गरेको छ। जनगणना तथा तथ्याङ्क विभाग (C&SD) ले गरीबी रेखाका विश्लेषणात्मक फ्रेमवर्कका आधारमा आयोजना गरेको जनगणनाद्वारा 2016 को नवीनतम निष्कर्षहरूमा सन्दर्भित गर्ने, यस रिपोर्टले तिनीहरूका गरीबीका अवस्थालाई निरन्तर अनुगमन गर्नमा सहजीकरण गर्न EM हरू का मुख्य गरीबीका तथ्याङ्कहरूको अद्यावधिक उपलब्ध गराउँछ।

### हङकङमा सन् 2016 मा जातिय अल्पसङ्ख्यकको समीक्षा

ES.3 2016 मा, चिनियाँ जातियताका व्यक्तिहरूले हङकङ[i] को सम्पूर्ण जनसंख्याको बहुमत (91.9%) गठन गऱ्यो र बाँकी 8.1% वा 575 400 व्यक्तिहरू EM हरू[ii] (विदेशी घरेलू कामदारहरू सहित (FDHs)) बन्यो। यी EM हरू मध्ये, आधाभन्दा धेरै FDHs थिए (55.7% वा 320 700 व्यक्तिहरू) जो फिलिपिन्स र इन्डोनेसियाबाट थिए।

ES.4 FDHs बिना नै [iii], हङकङमा जातिय अल्पसख्यक जनसङ्ख्या, 2016 मा कूल जनसङ्ख्या (FDHs बाहेक) को 254 700, 3.8% को तथ्याङ्कमा पुगेको थियो। विगतमा अधिकांश जातिय अल्पसङ्ख्यक फिलिपिनी र इन्डोनेसियालीहरूको सङ्ख्या अत्यधिक घटेको थियो। सट्टामा, दक्षिण एसियालीहरू (SA हरू)[iv] सबैभन्दा ठूलो जातिय समूहको रूपमा रहन्छन्,

i विस्तृत जानकारी निर्दिष्ट नहुँदासम्म, यो रिपोर्टको विश्लेषणमा भएका हङकङका सारा जनसंख्या घरेलू घरपरिवारमा समग्र देशमा आधारित जनसंख्या भन्ने बुझाउँछ।

ii तथ्याङ्किय-सर्वेक्षणमा, उत्तरदायीको जातीयता आत्म-पहिचानद्वारा पत्ता लगाइन्छ। जातियताको वर्गीकरण सांस्कृतिक मूल, राष्ट्रियता, छालाको रङ तथा भाषाको सन्दर्भसँग सम्बन्धित छ। हङकङ मुख्यत: चिनियाँ समुदाय हो, "जातीय अल्पसङ्ख्यकहरू" गैर-चिनियाँसँग सम्बन्धित छ।

iii अन्यथा उल्लेख नगरेसम्म, FDHs लाई यस रिपोर्टको तथ्याङ्कबाट बाहिर हटाइने छन्।

iv संयुक्त राष्ट्र तथ्याङ्किय आयोगद्वारा अपनाएको क्षेत्रको वर्गीकरण अनुसार, दक्षिण एशियाली राष्ट्रहरूमा भारत, पाकिस्तान, नेपाल, बङ्गलादेश, श्रीलंका, अफगानिस्तान, भुटान, इरान र माल्दिभ्स समावेश छन्। डाटा सङ्कलनमा सीमितताको कारणले, यो रिपोर्ट पहिलो पाँच जातीय समूहको विश्लेषणलाई मात्र समावेश गर्दछ।

मिश्रित (58 500 व्यक्ति वा 23.0%) र गोराहरू (55 900 व्यक्ति वा 21.9%) द्वारा पछ्याइएको 78 000 व्यक्ति वा लगभग 30.6% EM जनसंख्या सहितको। EM जनसंख्या 123 300 EM घरहरूमा [v] वा सबै आन्तरिक घरपारिवारको 4.9% मा बस्थे।

ES.5 2011 र 2016 को बीचमा पाँच वर्षमा 5.8% औसत वार्षिक दरमा EM जनसंख्या द्रुत रूपमा वृद्धि हुन जारी रह्यो, जुन हङकङको सम्पूर्ण जनसंख्याको 0.5% वृद्धि दरभन्दा अधिक द्रुत थियो। मुख्य जातिय समूहहरूमध्ये, SA हरू (उदाहरण, भारतीय र नेपालीहरू)ले सुदृढ जनसंख्या वृद्धि कायम राखे र मिश्रित जनसंख्या[vi] को वृद्धि दर पनि दृश्यवान थियो। तुलनात्मक रूपमा जनसंख्याको साइज सानो भएका इन्डोनेसियाली र फिलिपिनीहरूले पनि उल्लेखनीय वृद्धि दरहरूको रेकर्ड राखे। त्यस्तो द्रुत जनसंख्या वृद्धिको परिणाम स्वरूप, सम्पूर्ण जनसंख्यामा EM हरू को साझेदारी 2011 मा 2.9% बाट 2016 मा 3.8% मा वृद्धि भयो।

ES.6 धेरै जातिय अल्पसंख्यकहरू हङकङमा स्थापित भएका छन् र कोही त्यहीँ जन्मिएर हुर्किएका थिए। तिनीहरू हाम्रो समाजको सदस्यहरू बनिसके। जातीय समूहहरूले पूर्णरूपमा भिन्न जनसांख्यिकीय र सामाजिक-आर्थिक विशेषताहरू प्रदर्शन गर्‍यो, जुन जातिय समूहहरूमा विशेष रूपमा भिन्न हुन्छ। उक्त भिन्नताहरू व्यक्तिगत समूहहरूका गरीबी जोखिमहरूसँग नजिकैबाट सम्बन्धित हुन्छन्।

ES.7 जनसांख्यिकीय र सामाजिक विशेषताहरूको सम्बन्धमा, 2016 का तथ्याङ्कहरूले हङकङको एजिङ जनसंख्याको तुलनामा EM हरू मा युवा जनसंख्या छ। यो SA हरू को अवस्थामा थप उल्लेखनीय थियो। साथसाथै, थाई, इन्डोनेसियाली र फिलिपिनीहरू मुख्य रूपमा महिला थिए। अहिलेसम्म, थाई र इन्डोनेसियालीहरूका वृद्धहरू (65 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरू)को साझेदारी हालैका वर्षहरूमा उल्लेखनीय रूपमा वृद्धि भएको छ धेरै बालबालिकाहरू भएकाले SA को [vii] घर परिवार ठूलो भएको हुनाले, SA घरपरिवारको

सबैभन्दा ठूलो परिवार साइज सैबै EM घरपरिवार र समग्र परिवारहरूको भन्दा (दुबैको 2.7 व्यक्ति) र पाकिस्तानी र नेपालीहरूकोभन्दा पनि ठूलो 3.0 जना व्यक्तिको थियो

(क्रमश 3.9 र 3.2 व्यक्ति)।

---

v EM घरपरिवारहरू भन्नाले कम्तीमा पनि एउटा EM सदस्य भएका घरपरिवारहरूलाई बुझिन्छ। घरपरिवारका सबै सदस्यहरू EM हरू हुनु आवश्यक छैन।

vi "मिश्रित" लाई C&SD का सर्वेक्षणहरूमा छुट्टै जातिय समूहको रूपमा वर्गीकरण गरिन्छ। 2016 को जनसंख्याको लागि जनगणनाद्वारा डिजाइन गरिएको प्रश्नावलीलाई प्रतिक्रिया दिनेहरूलाई बहु जातियताहरूका बारेमा जानकारी उपलब्ध गराउन सहज बनाउनको लागि परिष्कृत गरिएको थियो। त्यस्तै, अघिल्लो वर्षका तथ्याङ्कहरूलाईई 2016 को मिश्रित तथ्याङ्कहरूको तुलना गर्दा, विशेष ध्यान दिनपर्छ।

vii सामान्य र थप केन्द्रित विश्लेषणलाई सहज बनाउनको लागि व्यक्तिगत जातीय समूहको घरपरिवारमा आधारित विश्लेषणहरू एउटा जातीयताको घरपरिवारमा आधारित भएर सञ्चालन गरिन्छन्।

ES.8 शैक्षिक उपलब्धिको सन्दर्भमा, यो EM हरू मा दृश्यवान रूपमा भिन्न हुन्छ। गोरा, जापानी र कोरियाली र भारतीयहरूले धेरै शिक्षित हुन चाहन्छन् र पोस्ट सेकेण्डरी शिक्षा प्राप्त गरेका पाकिस्तानी, नेपाली, थाई र इन्डोनेसियालीहरू समानुपातिक रूपमा अझ कम थिए। साथै, 19-24 उमेरका EM हरूको विद्यालय उपस्थिति दरहरू[viii] सामान्यतया क्षेत्रीय औसतभन्दा कम थियो, यद्यपि 2011 र 2016 को बीचमा केही जातीय समूहहरूमा सुधार देखिएको थियो। यद्यपि, नेपाली युवाहरूको विद्यालय उपस्थिति दर 13.8% मात्रै थियो जसले उच्च शैक्षिक प्राप्तिको सम्बन्धमा केही SA युवाहरूको भन्दा कम चाहना भएको अवस्था दर्शाउँथ्यो।

ES.9 त्यस्तै, EM समूहहरूको आर्थिक विशेषताहरूमा उल्लेखनीय भिन्नताहरू देखिएका थिए। 2016 को तथ्याङ्कहरूका मुख्य अवलोकनहरू निम्नानुसार छन्;

**(i)** **श्रम-शक्ति सहभागिताका विविध तहहरू:** पुरूष EM श्रम-शक्ति सहभागिता दरहरू (LFPRs) विशेष गरी तुलनात्मक रूपमा वृद्ध जनसंख्याको माझमा समग्र पुरूषको औसतभन्दा उच्च थिए। यस समयमा, हालैका वर्षहरूमा केही वृद्धि भएता पनि श्रम बजारमा सहभागी पाकिस्तानी महिलाहरूको अनुपात अझै पनि कम थियो। अर्को तर्फ, लिङ्गलाई बेवास्ता गर्दा नेपालीको श्रम-शक्तिमा सहभागीताको दर उच्च थियो र धेरै नेपाली युवाहरूले कार्यदलमा सामेल हुनेको लागि विद्यालयबाट चाँडै विदा लिन्थे। यो नोट गर्न महत्त्वपूर्ण हुन्छ कि 2011 र 2016 को बीचमा विशेष गरी पाकिस्तानीहरूको अवस्था, धेरै जातिय समूहहरूले उच्चतम LFPRs पोस्ट गरे,।

**(ii)** **शैक्षिक प्राप्तिलाई प्रतिबिम्बित गरेका पेशाहरूको वितरण:** उच्च- शिक्षित गोरा, जापानी र कोरियाली र भारतीयहरू उच्च- सीपयुक्त कामदारहरू[ix] थिए। यसको विपरित, दक्षिण एशियालीहरू तथा अन्य दक्षिण पूर्वी एशियालीहरू मुख्य रूपमा मूलभूत स्थानहरू संलग्न भएका थिए। विशेष गरी, पाकिस्तानी, नेपाली, थाई र इन्डोनेसियाली मध्ये इलेमेन्टरी कामदारहरूको अनुपात सबैको 30% नाघ्यो।

**(iii)** **रोजगारको आय र परिवारक आम्दानीहरूमा महत्त्वपूर्ण भिन्नता:** गोरा, जापानी, कोरियाली र भारतीयहरू दृश्यवान उच्च आम्दानी सहित श्रम बजारमा एकदमै उत्कृष्ट हुन्छन्। तुलनात्मक रूपमा कुरा गर्दा, पाकिस्तानी, नेपाली, थाई र इन्डोनेसियाली रोजगार व्यक्तिहरूले कम आर्जन गर्छन्। घरपरिवारको आम्दानीको सन्दर्भमा, पाकिस्तानी, नेपाली, थाई र इन्डोनेसियाली घरपरिवारहरूको घरायसी आम्दानी न्यून थियो। मूल कारणहरूको अनुसन्धानले सुझाव गर्छ कि यी जातिय समूहहरूका कामदारहरूको तुलनात्मक रूपमा कमजोर

viii विद्यालयको उपस्थिति दर भनेको सम्बन्धित उमेर समूहहरूमा पूर्णकालीन शैक्षिक संस्थाहरूमा उपस्थित हुने जनसंख्याको प्रतिशत हो।

ix उच्च-कौशलता भएका कामदारहरूमा प्रबन्धक तथा प्रशाषकहरू, व्यवसायी र व्यवसायी सहयोगीहरू पर्दछन्।

रोजगारी आम्दानी भए तापनि, आर्थिक रूपमा सक्रिय घरपरिवारहरू (उदाहरण, थाई र इन्डोनेसियाली घरपरिवारहरू)को साना शेयरहरूलाई आंशिक रूपमा गणना गरियो।

ES.10 सन् 2011 र 2016 का बीचमा हङकङको अर्थतन्त्रको दिगो मध्यम विस्तारको सम्बन्धमा श्रम बजारको ठोष विकासका साथै जनसङ्ख्याको वृद्धि र/वा EM हरू को अझ उच्च LFPRs, मुख्य जातिय समूहहरू माझका काम गर्नेx घरहरूमा बस्ने रोजगाररत व्यक्तिहरूको संख्या तथा जनसंख्याको अंश समान्य रूपमा वृद्धि भएको थियो भन्ने कुरा विचारणीय छ। साथसाथै, विभिन्न प्रकारका जातिय समूहहरूका मध्यिका रोजगारी आम्दानीहरू 2011 र 2016 का बीचमा उच्च थियो, तथापि समग्र चित्रभन्दा कम थियो। अहिलेसम्म, सम्भावित रूपमा श्रम संरचनामामा महत्त्वपूर्ण परिवर्तनहरू गर्दै EM जनसंख्या द्रुत रूपमा र उच्च परिवर्तनशील रूपमा वृद्धि भयो। जातिय समूहहरूको रोजगारी आम्दानी वितरणका परिवर्तनहरू श्रमिकको सीप वितरण र नयाँ परीक्षार्थी वा नयाँ
आप्रवासी कम अनुभवी कामदारहरूको संख्यामा वृद्धि सहितका धेरै तत्वहरूसँग सम्बन्धित थिए।

ES.11 समग्रमा, तुलनात्मक रूपमा थप मूलभूत परिवारहरू हङकङको EM हरू मा भन्दा SA हरू र दक्षिणपूर्वी एसियालीहरूमा फेला पारेका थिए। ठूलो जनसङ्ख्याको साइज, तीव्र जनसङ्ख्या वृद्धि, ठूला परिवार र उच्च बाल निर्भरताद्वारा चित्रित SA हरू मूलभूत EM हरूमा थप प्रतिनिधि थिए।

### 2016 मा जातिय अल्पसङ्ख्यकको गरीबी अवस्था

ES.12 EM हरू का मुख्या गरिबी चित्रहरू अपडेट गर्नको लागि जनगणना अनुसार 2016 को जनसंख्याको डाटामा गरिबी रेखा र त्यसका विश्लेषणात्मक संरचना लागू गरेर, परिणामहरूले 2016 मा **नीति हस्तक्षेपभन्दा अगाडि**, 19.4% गरिबी दर xi सहित 22 400 गरीब EM घरपरिवारहरूx र 49 400 गरीब EM हरू थिए। अनुकूल **नीति हस्तक्षेप पछिका (पुनरावृत्ति रकम)** अनुकूल आँकडाहरू क्रमशः 19 500 घरपरिवार, 44 700 व्यक्ति र 17.6% मा न्यून थिए)।

ES.13 2016 र 2011 को गरीबी आँकडाहरूको तुलनाले देखाउँछन् कि नीति हस्तक्षेप भन्दा अघि र पछि EM गरीबी दरलाई अपटिक्स पोस्ट गरियो: **पूर्व हस्तक्षेप** गरीबी दर 15.8% देखि 19.4% सम्म थियो जबकी **पोस्ट हस्तक्षेरप (पुनरावर्ती रकम)** गरीबी दर 13.9% देखि 17.6% थियो। यसको साथै समग्र EM जनसंख्या र तिनीहरूको घरपरिवार सख्यामा बढेको

x काम गर्ने घरपरिवरहरू भनेका FDHs बाहेक कम्तीमा पनि एक जना रोजगार प्राप्त सदस्य भएको स्वदेशी घरपरिवारहरू हुन्। काम गर्ने घरपरिवारमा बस्ने सबै सदस्यरू रोजगारमा रहनु आवश्यक छैन।

xi कूल संख्याका EM हरू का गरीब EM हरू को भागको प्रतिशत।

गरीबी दर र उल्लेखनीय बृद्धि, गरीब EM जनसंख्या र तिनीहरूको घरपरिवार संख्या उक्त अवधिभरिको नीति हस्तक्षेरप अघि र पछि यसैगरी बढे।

ES.14 जातिय समूहद्वारा गरिएको EM हरूको **पूर्व-हस्तक्षेप** गरीबी अवस्थाको विश्लेषणले देखाउँछ कि, 2016 को नीतिगत हस्तक्षेपभन्दा अगाडिका 49 400 गरीब EM हरूमा, SA हरू 40.6% थिए भने पाकिस्तानीहरू पाँच भागको एक भाग थिए (20.2%)।

ES.15 SA हरू को पूर्व हस्तक्षेप गरीबी दर तुलनात्मक रूपमा 25.7% मा उच्च थियो। SA हरू का बीचमा, पाकिस्तानीहरूले 56.5% को उच्च गरीबी दर दर्ता गरे। यस बाहेक, थाइ र इन्डोनेसियालीहरूका साना गरीब जनसङ्ख्याको आकारका गरीबी दरहरू पनि तुलनात्मक रूपमा क्रमशः 26.5% र 35.4% मा उच्च थिए, जबकी फिलिफिनी र मिश्रित 19.2% र 21.8% मा स्थिर रहिरहे। अर्कोतर्फ, जापानी र कोरियालीको र गोरा जाति आदिका गरीबी दरहरू उच्च थिएनन्।

ES.16 2016 बहुसंख्यक EM समूहका स्वरूपहरू समीक्षा गर्दा एकतर्फ यो देखाइन्छ कि रोजगार गरीबी जोखिमलाई कम गर्नको लागि प्रभावकारी छ: काम गर्ने घरपरिवारमा बस्ने जनसंख्याको धेरै भागका जातिय समूहहरूलाई स्पष्ट रूपमा न्यून गरीबी दरहरूमा दर्ता गरियो। यसका अतिरिक्त, उच्च निर्भरता अनुपातहरूले गरीबी जोखिम वृद्धि गर्छन्। घरपरिवारको आर्थिक निर्भरता अनुपात जति उच्च हुन्छ, परिवारमा त्यति नै धेरै बोझ पर्दछ र साधारणतया गरीबी दर पनि उच्च हुन्छ। निष्कर्षहरूले *हङकङको गरीबी अवस्थाको रिपोर्ट*का कुराहरूलाई पुष्टि गर्छन्।

ES.17 2016 मा गरिएको (नीतिगत हस्तक्षेपभन्दा अगाडि) गरीब EM हरूको विशिष्ट विशेषताहरूको अतिरिक्त विश्लेषणले देखाउँछ कि जातिय समूहहरूको गरीब जनसङ्ख्या (जापानी, कोरियाली र गोराहरू बाहेक) सामान्यतया काम गर्ने घरपरिवारमा बस्थे भने SA समूहहरू धेरैजसो ठूला घरपरिवारहरूमा बस्थे। यी दुईवटा पक्षहरू हङकङको समग्र गरीबी अवस्था भन्दा अत्यधिक रूपमा भिन्न छन्। विशेष गरी:

**(i)** **काम गर्ने गरीबी सामान्य थियो:** काम गर्ने घरपरिवारमा बस्ने 64.7% गरीब EM हरू हङकङको समग्र जनसंख्याको 50.3% भन्दा धेरै छन्। यो SA हरू को अवस्थामा थप उल्लेखनीय थियो जुन काम गर्ने घरपरिवारमा बस्ने गरीब पाकिस्तानी र नेपालीको 80% थियो; र

**(ii)** **अधिकांश ठूला घरपरिवारहरूमा बस्थे;** 4 वा सोभन्दा धेरै व्यक्ति भएका घरपरिवारहरू (हङकङमा बस्ने समग्र गरीबीको अनुकूल अनुपात 34.4% थियो) मा बस्ने गरीब EM हरू को आधा (50.5%) भन्दा धेरैलाई अत्याधितक रूपमा SA हरू मा अवलोकन गरियो। लगभग 70% गरीब SA हरू 4 जना वा सोभन्दा

ठूलो घरपरिवारमा निवास गर्थे र पाकिस्तानीहरूको लागि विशेष रूपमा अनुपात 85.9% उच्च थियो।

ES.18 2011 सँग तुलना गर्दा, पाकिस्तानीहरू बाहेक साधारणतया 2016 मा वृद्धि भएका विभिन्न जातिय समूहरूको गरीबी दरहरू (नीतिगत हस्तक्षेप भन्दा अगाडि) उच्च दर 59.2% बाट 56.5% मा झऱ्यो। परिणाम स्वरूप, SA हरू का गरीबी दरहरू 26.4% बाट घटेर 25.7% भयो। अर्कोतर्फ, इन्डोनेसियालीहरूको गरीबी दर थप उल्लेखनीय रूपमा बढेर 27.8% बाट 35.4% भयो।

ES.19 मुख्य जातिय समूहहरूको पूर्व-हस्तक्षेप गरीब जनसंख्याको साइजमा भएका परिवर्तनहरू मुख्य रूपमा जापानी, कोरियाली र गोराहरू बाहेक काम गर्ने घरपरिवारहरूको गरीब जनसंख्याको वृद्धिको कारणले गर्दा भएका हुन्

भनी विश्लेषणमा प्रकट भएको छ। अर्कोतर्फ, पाकिस्तानीहरूको गरीब जनसंख्या (600 व्यक्तिहरूको) संख्या घट्नुको कारण मुख्य रूपमा 2011 र 2016 बीचमा उनीहरूको काम नगर्ने घरपरिवारहरूमा कमी आउनु हो।

ES.20 EM हरू का काम गर्ने गरीबी निम्त्याउने कुराहरूको परीक्षणले देखाउँछ कि काम गर्ने गरीबी 2016 को तुलनात्मक रूपमा काम गर्ने गरीबको न्यून शैक्षिक योग्यता र सीपको स्तर उनीहरूको निष्प्रभ रोजगारी आम्दानीहरूसँग सम्बन्धित हुनसक्छन्। निश्चित जातिय समूहहरूको (उदाहरण भारतीयहरू) काम गर्ने जनसंख्या हङकङमा छोटो समयसम्म बस्नु पनि एउटा कारक तत्त्व हुनसक्छ। दक्षिणपूर्वी एसियाली कामदारहरूमा आंशिक समय काम गर्ने / रोजगारी व्यक्तिहरूको उच्च अनुपात पनि उनीहरूको सीमित रोजगारी आम्दानीका तत्वहरू मध्ये एक थियो। अर्कोतर्फ, केही जातिय समूहहरू जस्तै पाकिस्तानी र नेपालीहरूका गरीब जनसंख्याको बीचमा तिनीहरूको बेरोजगारी दरहरू [xii] समग्र गरीब जनसंख्याका भन्दा केही हदसम्म उच्च थिए। यसले

बेरोजगारीको कारणले गरीबीको रेखा मुनि पर्ने यी जातिय समूहरूको उच्च घटनालाई प्रतिबिम्बित गर्छ।

ES.21 न्यून आम्दानीहरूको अतिरिक्त घरायसी वित्तीय बोझको सम्बन्धमा काम गर्ने गरीबीका कारणहरूको विश्लेषण गर्दा, यसले अतिरिक्त रूपमा विभिन्न समूहका जातिय घरपरिवारहरूका काम गर्ने गरीबले न्यून रोजगार आम्दानीलाई ध्यान नदिइ परिवारको बोझमा एक्लै काँध थाप्न पर्थ्यो। यो विशेषगरी SA हरू का लागि यस्तो थियो, जहाँ 2016 का तथ्याङ्कहरूले देखाए की उनीहरूको काम गर्ने गरीब घरपरिवारहरूमा अधिकतम 4.2 जनाको घरपरिवारलाई सहायता गर्नको लागि 1.2 जना मात्र काम गर्ने सदस्यहरू हुन्थे (नीतिगत हस्तक्षेप भन्दा अगाडि), अर्थात प्रत्येक काम गर्ने सदस्यले औसतमा 2.6 काम नगर्ने सदस्यहरूलाई सहायता गर्नुपर्थ्यो। तिनीहरूमा, पाकिस्तानी घरपरिवारहरू एकदमै

xii जनसङ्ख्याको गणना / जनगणनाको डेटा अनुसार बेरोजगार व्यक्तिहरूको अनुमानमा कम स्तरको शुद्धता रहेको हुनसक्ने सम्भावना छ। जातिय अल्पसंख्यकहरूको बेरोजगारीको अवस्थाको विश्लेषण गर्न मान्य आधारको अनुपस्थितिमा सान्दर्भिक बेरोजगारीका तथ्याङ्कहरू सन्दर्भका लागि मात्र हुन्छन्।

गम्भीर अवस्थामा थिए (प्रत्येक काम गर्ने सदस्यले औसतमा 3.5 वटा पारिवारिक सदस्यलाई सहायता गर्नुपर्छ)।

ES.22 संक्षेपमा, EM हरू अत्याधिक रूपमा काम गर्ने घरपरिवारहरूमा बसेता पनि, सामान्यतया ठूलो परिवार, न्यून रोजगारी आम्दानी भएका सीमित रोजगारयुक्त व्यक्तिको परिणाम स्वरूप उनीहरूमा ठूलो पारिवारिक बोझ थियो। त्यसकारण, काम गर्ने सदस्यहरू भएका आत्मनिर्भर घरपरिवारहरूलाई पनि गरीबीबाट बाहिर निस्कन तुलनात्मक रूपमा कठिन थियो, जसबाट EM हरू को बीचमा व्यापक काम गर्ने गरिबी निम्तियो।

ES.23 यसको अतिरिक्त, यद्यपि काम गर्ने गरीबी EM हरू को विशिष्ट गरीबी विशेषता थियो, 2016 को डाटाले पनि धेरै जातिय समूहहरूका गरीब जनसंख्यामा गरीब वृद्धवृद्धाहरू (नीतिगत हस्तक्षेप) रहेको कुरा देखायो। यो कुरा दक्षिणपूर्वी एशियाली जस्तै थाइ र इन्डोनेशियालीहरूमा विशेषगरी देखिएको थियो। साधारणतया वृद्धवृद्धाहरू आर्थिक रूपमा असक्रिय हुने देखिएकाले अल्पसङ्ख्यक समूहका धेरैजसो वृद्धवृद्धाहरूले आफ्नो गरीबीको दरमा केही बढ्दो दबाव दिनसक्छन्।

ES.24 **नीतिगत हस्तक्षेपपछि** जातिय अल्पसंख्यकहरूको गरीबी अवस्थाको विश्लेषण, 2016 का तथ्याङ्कहरूले नीतिगत हस्तक्षेपछि (बारम्बार हुने नगद)को रूपमा 19 500 बराबरको गरीब जातीय अल्पसङ्ख्यक घरपरिवार र जातीय अल्पसंख्यकहरूको 44 700 गरीबी दर 17.6% देखाएको थियो। सरकारको पुनरावर्ती नगद लाभहरूले गरीबी दरलाई 1.8 प्रतिशत पोइन्टले कम गरेर 4 600 व्यक्तिहरूलाई गरीबीबाट मुक्त गऱ्यो, जुन 2011 को अवस्था (गरीबी दरको कमी 1.9 प्रतिशत पोइन्ट थियो)सँग तुलनात्मक थियो। त्यही समयमा, 2011 को $1,900 को तुलनामा गरीब जातीय अल्पसङ्ख्यक घरपरिवारको औसत मासिक गरीबीको ग्याप 2016 को नीतिगत हस्तक्षेपपछि $5,100 थियो जसले नीतिगत हस्तक्षेपअघिको $1,100 बाट घटेको प्रतिनिधित्व गरेको थियो। यसले सम्भावित रूपमा आत्मनिर्भर EM हरूको ठूलो संख्या र त्यो अवधिमा सामाजिक लाभहरूमा आश्रित EM हरूको न्यून अनुपातमा प्रतिबिम्बित गर्छ।

ES. 25 बारम्बार हुने नगद नीतिहरूका बाहेक, गैर-बारम्बार नगद र सबै वस्तुगत लाभहरू (प्राथमिक रूपमा सार्वजनिक भाडाका हाउजिङ(PRH)) मा पनि गरीब जातीय अल्पसंख्यकहरूको वित्तीय भारलाई कम गर्न मद्दत गरेको छ। विशेषगरी, 2016 मा नीतिगत हस्तक्षेप (बारम्बार र गैर-बारम्बार नगद) पछि, जातीय अल्पसंख्यकहरूको गरीबीको दर 16.1%, बारम्बार हुने नगदको नीतिगत हस्तक्षेपपछिको समरूपी तथ्याङ्कमा 1.5% घटेको देखिन्छ। यसका अतिरिक्त, 2016 को नीतिगत हस्तक्षेप (पुनरावर्ती नगद + त्यस्तै प्रकारको) पछि EM हरूको गरीबी दर 14.5% थियो, जसले पूर्व-हस्तक्षेप फिगरमा 4.9 प्रतिशत पोइन्टको विशिष्ट कमी प्रस्तुत गरेको थयो (अतिरिक्त 3.1 प्रतिशत पोइन्ट कम)।

ES.26 नीतिगत हस्तक्षेपअघिको अवस्थाको समान, 2016 को नीतिगत हस्तक्षेपपछिको SA हरू को गरीबी दर जातीय अल्पसङ्ख्यक समूहहरूकाबीचमा सापेक्षिक रूपमा अझ उच्च (23.0%) रहेको थियो भने गरीब जनसंख्या उच्चतम (गरीब जातीय अल्पसङ्ख्यक जनसङ्ख्याको 40.1 % को लेखा) थियो। यसका अतिरिक्त, थाई र इन्डोनेशियालीहरूको गरीबीको दर पनि

अति उच्च क्रमशः 22.4% र 33.2% रहेको र जापानी, कोरियन र गोराहरूको गरीबी जोखिम उल्लेखनीय नरहेको देखियो।

ES.27 EM हरूको न्यूनतम अनुपात सामाजिक कल्याणमा आश्रित हुनुको साथै उनीहरूले रोजगारमार्फत व्यापक रूपमा आत्मनिर्भरता हासिल गरे। मुख्या जातिय समूहहरूका व्यापक सामाजिक सुरक्षा सहायता (CSSA) प्राप्तकर्ताहरूको संख्या 2011 र 2016 को बीचमा घटेको सामाजिक कल्याण विभाग (SWD)को तथ्याङ्कहरूले देखाउँछन्। यस बाहेक, हस्तक्षेप अघिको 2016 को जातीय अल्पसंख्यकहरूको अनुमान गरिएका तथ्याङ्कहरूले प्रमुख अल्पसङ्ख्यक जातिय समूहहरूको गरीब जनसंख्याको प्रापकको रूपमा न्यून-आय काम गर्ने परिवारको भत्ता (LIFA) (अप्रिल 1 2018 मा काम गर्ने परिवारको भत्ता योजनाको रूपमा पुन:नामाकरण गरिने) र वृद्ध जीवनयापन भत्ता (OALA)/ वृद्ध भत्ता (OAA) को प्रापकको रूपमा प्रमुख अल्पसङ्ख्यक जातिय समूहहरूमा गरीव वृद्धवृद्धाको भाग समग्र जनसङ्ख्याको तुलनामा क्रमिकरूपमा कम भएको देखाएको थियो। 2011 र 2016 बीचमा गैर-प्राप्तकर्ताहरू प्रमुख नगद लाभहरूको हिस्सा (CSSA, सामाजिक सुरक्षा भत्ता (SSA)[xiii] र LIFA सहित)

मुख्य जातिय समूहहरूको गरीब जनसंख्यामा सामान्यतया अझ उच्च थियो, जसले पुनरावर्ती नगद नीतिहरूद्वारा गरीबीको अन्तरमा विशेष कटौती आएको ल्यायो।

ES. 28 जातीय समूहहरूकोको अझ ठूलो गरीबी जोखिम भएतापनि, पाकिस्तानी, थाइ, इन्डोनेशियाली र फिलिपिनो जस्ता समूहहरूको अझै पनि बारम्बार नगद हस्तक्षेपपछि गरीबी दरमा अझ ठूलो कटौती देखाएका छन्। पाकिस्तानीहरूको गरीबी दर विशेषरूपमा नीतिगत हस्तक्षेप अघिको 56.5% बाट 48.6% मा घटेर सापेक्षिक रूपमा अझ उच्च रहेको थियो।

ES.29 2016 को व्यक्तिगत नीतिगत हस्तक्षेपका मापनको प्रभावकारिताको अनुमानहरूका आधारमा, गरीबी दरलाई कम गर्न CSSA नै सबैभन्दा प्रभावकारी मुख्य बारम्बार नगद लाभ थियो, गरीबीको जातीय अल्पसंख्यकहरू 3 700 लिफ्ट भएको र गरीबी दर 1.5 प्रतिशत बिन्दुले घटेको देखिएको थियो। यसका अतिरिक्त, SSA ले नि गरीबी दरलाई 0.7 प्रतिशतले घटाउन मद्दत गरेको थियो। गरीबी दरलाई 0.3 प्रतिशतले घटाउन LIFA पनि प्रभावकारी भएको देखियो। यस बाहेक, क्रमश 1.5 [xiv] र 1.8 प्रतिशत पोइन्टले EM गरीबी दरहरू घटेका गैर-पुनरावर्ती नगद नीतिहरू र PRHको प्रावधानका गरीबी निवारण असरहरू पनि दृश्यवान थिए।

ES.30 EM हरू को जडकुराको अवस्थामा SA हरू थप प्रतिनिधित्वमूलक छन्। नीतिगत हस्तक्षेपपछि SA हरूको गरीबी अवस्थाको केन्द्रित विश्लेषण (पुनरावर्ती नगद)ले संकत गर्छ कि

---

xiii SSA ले OALA, OAA र असक्षमता भत्ता (DA) समावेश गर्छ।

xiv सबै बारम्बार नगद नीतिहरूलाई ख्याल गरेपछिको अतिरिक्त गरिबी विशेष प्रभाव।

2016 मा, 23.0% गरीबी दर सहित 4 400 गरीब SA घरपरिवारहरू र नीतिगत हस्तक्षेप पछि 17 900 गरीब SA हरू थिए।

ES.31 हस्तक्षेपको अघि र पछिका तथ्याङ्कहरूलाई तुलना गर्दा, गरिबी मध्ये बारम्बार हुने नगदा लाभहरू 2 100 मा बढेको र गरीबी दर 2.7 प्रतिशतले
घटेको देखाउँछ। त्यही समयमा, गरीब SA घरपरिवारको औसत मासिक गरीबीको ग्याप 2016 को नीतिगत हस्तक्षेपपछि $4,700 थियो जुन नीतिगत हस्तक्षेपअघिको $1,500 बाट घटेको प्रतिनिधित्व गरेको थियो।

ES.32 SA गरीब जनसंख्याको अवस्था निम्न गैर-नगद र अन्य वस्तुगत लाभहरूको नीतिगत हस्तक्षेपपछि थप सुधारिएको देखियो: 2016 मा, SA हरू को गरीबी दर नीतिगत हस्तक्षेप (बारम्बार नगर र गैर-बारम्बार नगद)पछि 20.9% मा झरेको थियो र नीतिगत हस्तक्षेप (बारम्बार नगर र वस्तुगत ) पछि थप 18.0% मा
झरेको थियो।

ES.33 उमेर अनुसार विश्लेषण गर्दा, 2016 नीतिगत हस्तक्षेप पश्चात 18 देखि 64 वर्षका बालबालिका र वयस्कहरू बहुसंख्यक गरीब SA जनसंख्याको रूपमा देखियो, जबकी गरीब SA वृद्धवृद्धाहरूको संख्या तुलनात्मक रूपमा सानो थियो। अर्को तर्फ, SA बालबालिकाहरूको गरीबीको दर 33.6% पुग्यो, जुन विशेषगरी सबै EM बालबालिकाहरूको 23.4% का साथसाथै वृद्ध उमेर समूहका SA हरू र EM हरूको भन्दा उच्च हो। तथापि, SA र सबै EM वृद्धवृद्धाका गरीबी दरहरू (क्रमशः 23.1% र 25.9%) जुन कुल जनसंख्या (31.6%) भन्दा कम थियो।

ES. 34 चयन गरिएका सामाजिक-आर्थिक घरायसी समूह अनुसार विश्लेषण गर्दा, पुनरावर्ती नगदको नीतिगत हस्तक्षेपपछि, धेरैजसो गरीब घरायसी परिवार बालबालिका सहितका SA घरायसी परिवारहरू थिए भने काम गर्ने घरायसी परिवार SA र ठूला घरायसी परिवारहरू पनि साझा रूपमा देखिएका थिए। गरिबी दरहरूको सन्दर्भमा, चयन गरिएका सामाजिक-आर्थिक घरपरिवार समूहहरूका SA हरू का दरहरू सामान्यतया सबै EM हरू का सम्बन्धित चित्रहरूभन्दा उच्च थिए। ध्यान दिनुपर्ने कुरा यो थियो कि बालबालिकाहरू भएका SA घरपरिवारहरूको गरीबी दर (29.1%) बालबालिकाहरू नभएका घरपरिवारहरूको गरीबी दर (12.1%) भन्दा एकदमै उच्च थियो र पहिलेको दर दोस्रोभन्दा लगभग 2.5 गुणा थियो। साथै, घरपरिवारको आकार अनुसार गरीबीको दर निम्नानुसार बढेको छ: 1 देखि 2 जना व्यक्ति भएको SA घरपरिवारहरूको गरीबी दर 9.9% मात्रै थियो तर 5 जना र सोभन्दा धेरै व्यक्ति भएका SA परिवारहरूको गरीबी दर 29.4% पुगेको थियो।

ES.35 अर्कोतर्फ, SA काम गर्ने घरपरिवारहरूको गरीबी दर 19.0% थियो, SA आर्थिक रूपमा निष्क्रिय घरपरिवारहरूको 75.7% भन्दा कन थियो तर सबै EM काम गर्ने घरपरिवारहरूको 13.0% भन्दा अझै पनि बढी थियो। साथसाथै, गरीब EM र SA घरपरिवारहरू अत्यधिक रूपमा निजी वा PRH भाडावालहरू थिए।

ES.36 डिस्ट्रिक्टको विश्लेषणले देखाउँछ कि, पुनरावर्ती नगदको नीतिगत हस्तक्षेपपछि, Kwai Tsing र Sham Shui Po मा धेरै संख्यामा गरीब SA हरू थिए र उच्च गरीबी दर थियो भने,

Yau Tsim Mong र Yuen Long मा गरीबीमा एकदमै धेरै सङ्ख्यामा SA हरू थिए।

ES.37 भाषा र सञ्चार क्षमताहरू मेनस्ट्रिम समुदायमा EM हरू को एकीकरणमा एकदमै महत्त्वपूर्ण हुन्छन्। यो सन्दर्भमा, यो रिपोर्टले SA हरू र तिनीहरूको गरीबी जनसंख्याको मुख्य भाषा विशेषता र क्षमताहरूलाई परीक्षण गर्नको लागि जनगणना अनुसार 2016 को जनसंख्याको भाषा क्षमताहरूका विस्तृत तथ्याङ्कहरूमा कोर्छ।

ES.38 गरीब SA हरूको सानो अनुपातले मात्र आफ्नो प्रचलित भाषाको रूपमा चिनियाँ[xv] वा अंग्रेजीलाई अंगीकृत गरे भने तिनीहरू मध्ये कोहीले चिनियाँ वा अंग्रेजी कुनै पनि बोल्न / पढ्न / लेख्न पनि सक्दैनन्। SA हरू अंग्रेजीमा भन्दा चिनियाँमा अत्यन्तै कम प्रवीण थिए। यद्यपि, बालबालिकाहरू दुईवटा भाषाहरू, विशेष गरी चिनियाँमा वयस्कहरूभन्दा प्रवीण थिए। SA समूहहरूका काम गर्ने गरीबहरूका अल्पसङ्ख्यकहरू मात्र चिनियाँ वा अंग्रेजीमा बोल्न, पढ्न र लेख्न नसक्ने कुरा पनि यो विश्लेषणले देखाउँछ,
विद्यालयमा उपस्थित नहुने आर्थिक रूपमा निष्क्रिय व्यक्तिहरूको सम्बन्धित अनुपात एकदमै उच्च थियो। भाषा क्षमता उनीहरूको रोजगारयोग्यताको भूमिकाका तत्वहरू मध्ये एउटा हुन सक्छ भन्ने कुरा यसले स्पष्ट पार्छ।

**मुख्य अवलोकनहरू**

ES.39 यो रिपोर्टले पहिले जनगणना अनुसार 2016 को जनसंख्याका नतिजाहरूको आधारमा हङकङका मुख्य EM समूहहरूका जनसांख्यिकीय र सामाजिक-आर्थिक विशेषताहरूको विश्लेषण र तुलना गर्छ र त्यसपछि EM हरू को नवीनतम गरीबी अवस्था निर्धारण गर्न र त्यसको विश्लेषण गर्नको लागि जनगणनाको जनसंख्या डाटामा गरीबी रेखा विश्लेषणात्मक संरचना लागू गर्छ। यो रिपोर्टको विश्लेषणको निष्कर्ष निम्नलिखित सात मुख्य अवलोकनहरूबाट आउँछ:

**ES.40 अवलोकन 1: SA हरू अझै पनि थप गम्भीर जोखिममा भएपनि, EM समूहहरूले सामना गरेका गरीबी जोखिम स्पष्ट रूपमा भिन्न हुन सक्छन्।**

- **सम्पूर्ण जातीय अल्पसंख्यकहरू:** 2016 मा नीतिगत हस्तक्षेप पहिले र पछि गरीब परिवारहरूको संख्या, गरीब जनसंख्याको आकार र गरीबी दर निम्न प्रकार थिए:

  - नीतिगत हस्तक्षेप पूर्व: 22 400 परिवारहरू, 49 400 व्यक्तिहरू तथा 19.4%;
  - नीतिगत हस्तक्षेप पछि (आवर्तक नगद): 19 500 परिवारहरू, 44 700 व्यक्तिहरू तथा 17.6%;

xv चिनियाँमा क्यान्टोनिज, पुटोङ्गुहा र अन्य चिनियाँ उपभाषहरू (जस्तै हाक्का र शाङ्घाईज) पर्छन्।

- नीतिगत हस्तक्षेपभन्दा पछि (आवर्तक + गैर-आवर्तक नगद): 18 200 परिवारहरू, 41 100 व्यक्तिहरू तथा 16.1%; र
- नीतिगत हस्तक्षेप (आवर्तक नगद + वस्तु विनिमय) पछि: 16 500 परिवारहरू, 36 800 व्यक्तिहरू तथा 14.5%।

SA हरू थप गम्भीर गरीबीमा भएतापनि EM समूहहरूको गरीबी अवस्था स्पष्ट रूपमा भिन्न हुन्छ: गरीब EM जनसंख्याको 40% भन्दा बढी SA हरू थिए, जसको गरीबी दर विभिन्न जातिय समूहहरू बीच तुलनात्मक रूपमा उच्च थियो।

- **दक्षिण एशियालीहरू**: 2016 मा नीतिगत हस्तक्षेप पहिले र पछि गरीब परिवारहरूको संख्या, गरीब जनसंख्याको आकार र गरीबी दर निम्न प्रकार थिए:

  - नीतिगत हस्तक्षेप पूर्व: 5 000 परिवारहरू, 20 000 व्यक्तिहरू तथा 25.7%;
  - नीतिगत हस्तक्षेप पछि (आवर्तक नगद): 4 400 परिवारहरू, 17 900 व्यक्तिहरू तथा 23.0%;
  - नीतिगत हस्तक्षेपभन्दा पछि (आवर्तक + गैर-आवर्तक नगद): 4 100 परिवारहरू, 16 300 व्यक्तिहरू तथा 20.9%; र
  - नीतिगत हस्तक्षेप (आवर्तक नगद + वस्तु विनिमय) पछि: 3 700 परिवारहरू, 14 000 व्यक्तिहरू तथा 18.0%;

नीतिगत हस्तक्षेप (आवर्तक नगद) पछि, पाकिस्तानी गरीब जनसंख्याको लगभग आधा (8 600 व्यक्तिहरू) गणना भयो र सबै दक्षिण एशियाली समूहहरू मध्ये बढी, 48.6% गरीबी दर थियो।

ES.41 **अवलोकन 2: समग्र गरीबी अवस्थाको विपरीत, तिनीहरूको गरीबी दरको वृद्धिलाई काम गर्ने गरीब घरपरिवारहरूको ठूलो भागमा सम्बन्धित गर्दा काम गर्ने गरीबीले EM हरू को गरीबी अवस्थालाई चित्रित गर्छ।**

- हङकङको समग्र गरीबी अवस्थाबाट एकदमै भिन्न भएर, EM हरू ले रोजगारी र सामान्य रूपमा काम गर्ने घरपरिवारहरूमा (64.7%), धेरैजसो SA हरू को केसमा निवास गर्ने (77.4%) अधिकतम जातिय समूहहरूको गरीब जनसंख्यामार्फत (नीतिगत हस्तक्षेपभन्दा अगाडि) आत्म-निर्भरता हासिल गर्‍यो।

- 2011 र 2016 को बीचमा, नीतिगत हस्तक्षेपभन्दा अगाडि जातिय समूहहरूको गरीब जनसंख्याको गरीबी दर र साइजहरू नीतिगत हस्तक्षेपअघि र पछि सामान्यतया बढे। गरीब जनसंख्याको परिवर्तनहरूको विश्लेषणले वृद्धि मुख्यत: काम गर्ने घरपरिवारहरूमा गरीब जनसंख्याको साइजको वृद्धिका कारण हुन्छ भनी देखाउँछ।

- EM हरूको थप सटिक कार्य गरीबी अवस्था गरीबी दरहरूले

पनि प्रतिबिम्बित गरेको थियो: 2016 को नीतिगत हस्तक्षेप (पुनरावर्ती नगद) पछि, SA काम गर्ने घरपरिवारहरूको गरीबी दर 19.0% जबकी सबै EM काम गर्ने घरपरिवारहरूको गरीबी दर 13.0%, थियो, दुबै समग्र जनसङ्ख्या भन्दा 8.0% बढी थिए।

ES.42 **अवलोकन 3: रोजगाररत व्यक्तिहरूको न्यून शैक्षिक योग्यता र सीप स्तरहरूको कारणले हुने न्यून रोजगार आम्दानीहरू काम गर्ने गरीबीका मुख्य कारणहरू हुन्। साथै, सामान्यतया ठूलो साइज भएको घरपरिवारमा, त्यस्ता रोजगार सदस्यहरूले सामान्यतया रोजगार भएता पनि परिवारलाई गरीबीबाट मुक्त हुन थप कठिन बनाउने पारिवारिक बोझको दायित्व एक्लैले लिनुपर्छ।**

- EM हरू थप गम्भीर काम गर्ने गरीबीमा हुनु चिन्ताको विषय हो। गरीब काम गर्ने व्यक्तिहरूको तुलनात्मक रूपमा रूपमा न्यून शैक्षिक प्राप्ति र सीपका स्तरहरूको साथै निश्चित जातिय समूहहरू (उदाहरण भारतीयहरू)को हङकङको छोटो बसाइको परिणाम स्वरूप यो गरीब काम गर्ने व्यक्तिहरूको कमजोर रोजगारी आम्दानीमा आरोपित हुनसक्छ। यसका अतिरिक्त, दक्षिणपूर्वी एसियाली रोजगारी व्यक्तिहरूको सीमित रोजगारी आम्दानी पनि आंशिक समय काम गर्ने / रोजगारी व्यक्तिहरूको उच्च अनुपातमा आरोपित थियो।

- साथै, विभिन्न जातिय घरपरिवार समूहका काम गर्ने गरीबले परिवारको बोझलाई एक्लै काँध थाम्नु पर्थ्यो। यो विशेषगरी SA हरू को लागि यस्तो थियो, जहाँ उनीहरूको काम गर्ने गरीब घरपरिवारहरूमा अधिकतम 4.2 जनाको घरपरिवारलाई सहायता गर्नको लागि 1.2 जना मात्र काम गर्ने सदस्यहरू हुन्थे (नीतिगत हस्तक्षेप भन्दा अगाडि)। तिनीहरूको बीचमा, पाकिस्तानी घरपरिवारहरू अत्यन्तै गम्भीर अवस्थामा थिए। त्यसकारण, काम गर्ने सदस्यहरू भएका आत्मनिर्भर घरपरिवारहरूलाई पनि गरीबीबाट बाहिर निस्कन तुलनात्मक रूपमा कठिन थियो, जसबाट EM हरू को बीचमा व्यापक काम गर्ने गरिबी निम्तियो।

ES.43 **अवलोकन 4: बेरोजगारीको कारणले निश्चित जातिय समूहहरू गरीबीको रेखामुनि पर्ने उच्च घटना**

- केही जातिय समूहहरूको गरीब जनसंख्याको बेरोजगारी दरहरू तुलनात्मक रूपमा उच्च थिए। उदाहरणका लागि, गरीब पाकिस्तानी र नेपालीहरूको बेरोजगारी दर (क्रमश 18.7% र 17.9%) (नीतिगत हस्तक्षेपभन्दा अगाडि) समग्र गरीब जनसंख्या (16.6%) भन्दा केही उच्च थियो। यसले बेरोजगारीको कारणले गरीबीको रेखामुनि पर्ने यी जातिय समूहहरूको उच्च घटनालाई प्रतिबिम्बित गर्छ।

ES.44 **अवलोकन 5: कार्य गरीबी बाहेक, हालैका वर्षहरूमा गरीब वृद्धवृद्धा (विशेष गरी दक्षिणपूर्वी एसियालीहरू)को उच्च शेयर देखिएको थियो, यद्यपि**

**EM वृद्धवृद्धाको समग्र गरीबी दर अझै पनि हङकङको सम्पूर्ण जनसंख्याभन्दा न्यून थियो**

- काम गर्ने गरीबी EM हरूको उल्लेखनीय गरीबी विशेषता भए तापनि, 2011 को तथ्याङ्कसँगको तुलनामा विभिन्न जातिय समूहका गरीब EM वृद्धवृद्धाहरू (विशेषगरी थाइ र इन्डोनेसियन जस्ता दक्षिणपूर्वी एसियालीहरू) को समग्र गरीब जनसंख्या (नीतिगत हस्तक्षेप भन्दा अगाडि) को उच्च भागलाई 2016 मा अवलोकन गरिएको थियो।

- वृद्धवृद्धाहरू आर्थिक रूपमा असक्रिय हुने देखिएकाले, अल्पसङ्ख्यक समूहका धेरैजसो वृद्धवृद्धाहरूले आफ्नो गरीबीको दरमा वृद्धि गर्न सक्छन्। यो कुरालाई ध्यान दिनु महत्त्वपूर्ण हुन्छ कि SA र सबै EM वृद्धवृद्धाका गरीबी दरहरू (क्रमशः 23.1% र 25.9%) जुन कुल जनसंख्या (31.6%) भन्दा कम थियो।

**ES.45 अवलोकन 6: सरकारको कल्याण स्थानान्तरहरूले EM हरू हरूलाई उनीहरूको वित्तीय बोझबाट राहत दिलाई तिनको गरीबी अवस्थालाई कम गर्नमा मद्दत गर्न जारी राखे, यद्यपि तिनीहरू अधिकतम आत्मनिर्भर थिए र सामाजिक लाभहरू (जस्तै CSSA) मा कम निर्भर थिए।**

- EM हरू मध्ये कार्य गर्ने घरपरिवारहरूको उच्च व्यापकता सहित, उनीहरूले रोजगारमार्फत व्यापक रूपमा आत्मनिर्भरता हासिल गरे र तिनीहरूले न्यूनतम रूपमा नगद सहायतामा आश्रित थिए। सामान्य रूपमा, मुख्य जातिय समूहहरूको गरीब जनसंख्याका मुख्या नगद लाभहरूका गैर-प्राप्तकर्ताहरूका शेयरहरू 2011 र 2016 को बीचमा स्पष्ट रूपमा वृद्धि भएको थियो।

- यद्यपि, 2016 मा विभिन्न प्रकारका गरीबी सूचकहरू नीतिगत हस्तक्षेप (पुनरावर्ती नगद) पछि अझै पनि नीतिगत हस्तक्षेप भन्दा अगाडिका सूचकहरू भन्दा उत्कृष्ट रूपमा सफल रहे। गैर-बारम्बार नगद र वस्तुगत लाभहरूको प्रावधान (मुख्यतया PHR) ले गरीबीको सूचकहरूलाई सुधार्न योगदान दिएका थिए जातीय अल्पसंख्यकहरूलाई आफ्नो वित्तीय सीमालाई सहज बनाउन मद्दत गरेका थिए। मुख्य पुनरावर्ती नगद लाभहरू मध्ये, CSSA एकदमै प्रभावकारी थियो भने SSA र LIFA ले पनि गरीबी निवारणमा आफ्नो प्रभावकारिता देखाए। यसका अतिरिक्त, गैर-बारम्बार नगद लाभहरू र PHR जातिय अल्पसंख्यकहरूको गरीबी अवस्थालाई लम गर्न पनि अझ धेरै प्रभावकारी थिए।

**ES. 46 अवलोकन 7: SA हरू का न्यून शैक्षिक प्राप्तिले गर्दा, केही जातिय समूहहरूका युवा मानिसहरूको पोस्ट सेकेण्डरी कार्यक्रमहरूमा प्रवेश गर्ने दर एकदमै न्यून थियो। अझ न्यून भाषा दक्षताहरू हुनु नै तिनीहरूको रोजगारिता र समुदायमा एकीकरणको बाधक को रूपमा रहेको थियो।**

- केही SA र दक्षिणपूर्वी एसियाली जातिय समूहहरूमा पोस्ट-सेकेण्डरी शिक्षा अध्ययन गर्ने जनसंख्याको अनुपात न्यून थियो। 2011 र 2016 को बीचमा,

युवा जातीय अल्पसंख्यकहरूको विद्यालयमा उपस्थितिको दरमा सुधार देखिएको भएतापनि, नेपालीको सो दर न्यून रहेको छ। यसले केही युवा SA हरू पोस्ट सेकेन्डरी तहको शैक्षिक प्राप्तिको समबन्धमा डरलाग्दो रूपमा खराब देखिएका छन् भने ती मध्ये केहीले कार्यदलमा सहभागी हुन बिदा हुनुपूर्व नै विद्यालय छोड्ने गरेको देखिन्छ।

- भाषा क्षमताहरूका सम्बन्धमा, चिनियाँहरूभन्दा SA हरू हरू धेरै क्षमतावान भएको देखिन्छ भने तिनीहरूको चिनियाँ पढ्ने र लेख्ने दक्षताहरू आरक्षणभन्दा खराब भएका देखिन्छन्। SA बालबालिकाहरू अंग्रेजी र चिनियाँमा वयस्कहरूभन्दा थप प्रवीण हुन्छन्। यसबाहेक, आर्थिक रूपमा निष्क्रिय SA हरू सामान्य रूपमा रोजगार SA हरू भन्दा चिनियाँ र अंग्रेजीमा कम प्रवीण हुन्छन्। चिनियाँ र अंग्रेजीमा प्रवीणता उनीहरूको रोजगारयोग्यताको भूमिकाका तत्वहरू मध्ये एउटा हुन सक्छ भन्ने कुरा यसले संकेत गर्छ।

**नीतिको तात्पर्य**

ES.47 सरकारले गरीबी निवारण विशेष रूपमा जातीय अल्पसंख्यकहरू लगायतका अन्य अल्प सुविधाहरू प्राप्त व्यक्तिहरूको आवश्यकताहरू पूरा गर्नको लागि, महत्वपुर्ण रूपमा सम्मिलित भएको छ। EM हरूलाई हङकङमा बस्ने व्यवस्था मिलाउन मद्दत गर्नका लागि, विभिन्न ब्यूरो तथा विभागहरूद्वारा जातीय अल्पसंख्यकहरूको भिन्न-भिन्न आवश्यकताहरूका लागि उपयुक्त हुने लक्षित सहायता उपायहरू उपलब्ध गराउन जारी राख्नेछ।

ES.48 **रोजगारी र प्रशिक्षण सहायता:** रोजगारीले गरीबी जोखिमलाई कम गर्न मद्दत गर्छ, जबकी आर्थिक वृद्धि, रोजगारी सिर्जना र सीपका स्तरवृद्धिहरू स्रोतबाट नै गरिबीलाई कम गर्न सहायक हुन्छन्। EM कार्यदलमा नयाँ प्रवेशकहरूको संख्या दृश्यवान थियो भने केही जातिय समूहहरूका LFPR हरू तुलनात्मक रूपमा न्यून थिए र गरीब जनसंख्या थप सटिक बेरोजगारीसँग सम्बन्धित थियो भनी यो रिपोर्टका परिणामहरूले थप कुराहरू देखाउँछन्। अर्को तर्फ, केही EM व्यक्तिहरूका न्यून भाषा दक्षताहरूले तिनीहरूको रोजगारी गर्ने क्षमतालाई प्रभाव पार्न सक्छन्। अवलोकनहरूले सुझाव दिन्छन् कि उनीहरूको गरीबी जोखिमलाई उनीहरूको भाषा प्रवीणता र LFPR लाई परिष्कृत गरेर कम गर्न सकिन्छ।

ES.49 श्रम विभाग (LD), रोजगार पुनर्तालिम बोर्ड र व्यावसायिक प्रशिक्षण परिषद र निर्माण व्यावसायिक परिषदले सीप सुधार तथा आम्दानी वृद्धिलाई सहजिकरण गर्नका लागि जातीय अल्पसंख्यकहरूलाई रोजगारीमा सहायता तथा कामसँग सम्बन्धित उपयुक्त प्रशिक्षण उपलब्ध गराउन जारी राख्नेछ।

ES.50 **शैक्षिक सहायता:** अन्तर-वंशाणुगत गरीबीलाई कम गर्न शिक्षा महत्त्वपूर्ण हुन्छ भने चिनियाँ भाषाको दक्षता जातिय अल्पसंख्यकहरूका लागि समुदायमा घुलमिल हुन तथा पोस्ट-सेकेन्ड्री कार्यक्रमहरूमा भर्ना हुनका लागि आवश्यक पर्ने मुख्य कुरा हो। केही SA र दक्षिणपूर्वी एशियालीहरू जातियता समूहरूका केही पोस्ट-सेकेण्डरी शिक्षा उच्च नरहेको निष्कर्षहरूले

देखाएको छ। यसका साथै, EM युवाहरूको उच्च विद्यालय उपस्थिति दर देखिएता पनि, उच्च शैक्षिक प्राप्तिको सम्बन्धमा केही SA युवाहरू (उदाहरण नेपाली युवाहरू)को अवस्था अझै पनि कम इच्छा भएको थियो।

ES. 51 महत्त्वको विषयको रूपमा, हाम्रो समग्र भविष्यको मानव शक्ति अपग्रेड गर्नका लागि विशेष जातिय अल्पसंख्यकहरूको युवा जनसंख्यामा, हङकङका नयाँ वंशहरूलाई बढी समर्थन प्रदान गरिनुपर्दछ। शिक्षा ब्यूरोले चिनियाँ भाषा नबोल्ने विद्यार्थी र तिनीहरूका अभिभावकहरूको लागि सहायता परिष्कृत गर्न जारी राख्नेछ।

ES.52 **मानव कल्याण सेवाहरू:** अहिलेसम्म सबै हङकङ निवासीहरूलाई आवश्यक कल्याणकारी सेवाहरू, उनीहरूको राष्ट्रियता वा जातिलाई ध्यान नदिइकन, उनीहरूको योग्यताको मापदण्ड अनुसार सामाजिक कल्याणकारी सेवाहरूमा समान पहुँचको आनन्द लिएका छन्। श्रम तथा कल्याणकारी ब्यूरो जातीय अल्पसंख्यकहरूलाई परिवार तथा बालबालिका कल्याणकारी सेवाहरू, वयस्क व्यक्तिहरूको सेवाहरू, मेडिकल सामाजिक सेवाहरू, विभिन्न सामाजिक सुरक्षा योजनाहरू लगायतका विभिन्न सेवाहरूद्वारा स्थानिय समुदायमा समायोजन हुन सहायता गर्न जारी राख्नेछ, यसरी उनीहरूलाई आफ्नो समायोजनको समस्याहरू कम गर्न र उनीहरूको सामाजिक क्रियाकलाप तथा आत्म-निर्भरताको क्षमतामा सुधार गर्नमा मद्दत गर्दछ।

ES.53 परिणामहरूले देखाउँछन् कि EM हरूले रोजगारमार्फत व्यापक रूपमा आत्मनिर्भरता हासिल गरे र कार्य गरीबी गरीब EM हरूको महत्त्वपूर्ण विशेषता थियो। उनीहरू नगद सहायतामा कम आश्रित थिए। यस बाहेक, समग्र गरीब जनसंख्यासँगको तुलनामा, मुख्य जातिय समूहहरूका गरीब EM हरूमा सामान्यतया मुख्य नगद लाभहरूका गैर-प्राप्तकर्ताहरूको उच्च शेयर देखिएको थियो।

ES.54 SWD, काम गर्ने परिवार र छात्र वित्तीय सहायता निकायको काम गर्ने परिवार भत्ता कार्यालय र LD ले आवश्यक हुँदा उनीहरूका आवेदनहरू पेश गर्ने सुविधा प्रदान गर्ने लक्ष्यका साथ EM को सचेतना र योजनाहरूको बुझाइलाई परिष्कृत गर्न विभिन्न सहायता उपायहरू (LIFA योजना र कार्य प्रोत्साहन यातायात अनुदान योजना सहित)को प्रोत्साहनलाई अगाडि बढाउन पनि जारी राख्नेछन्।

ES.55 **समुदायिक संलग्नता तथा समायोजन:** हङकङमा स्थापित जातीय अल्पसंख्यकहरू जसमा धेरैजसो त्यहीँ जन्मेर हुर्केका छन्। तिनीहरू पहिले नै हङकङ समाजको सदस्यहरू बनिसके। तिनीहरूले समुदायमा समायोजन हुन र सन्तुष्ट भएर बस्न र काम गर्न उनीहरूका लागि अति आवश्यक छ। सरकार जातिय अल्पसंख्यकहरूकाबीचमा समुदायिक एकतालाई प्रोत्साहन गर्न र तिनीहरूलाई सार्वजनिक सेवाहरूको प्रयोग गर्न सहायता प्रदान गर्न मद्दत गर्न जारी राख्नेछ। जातिय अल्पसंख्यकहरू (विशेष रूपमा दक्षिण एशियालीहरू) का लागि बढी प्रभावकारी तथा लाभदायक समर्थन नीतिहरूको कार्यान्वयनका लागि गृह प्रशासन विभागद्वारा अघि बढाइने छ।

ES.56 **गरीबी अवस्थाको निरन्तर निरीक्षण:** SA जनसङ्ख्यामा तीव्र रूपमा भएको वृद्धि र तिनीहरूको गरीबी जोखिमले गर्दा, सरकारले तिनीहरूको गरीबीको अवस्थालाई नियमित रूपमा उदाहरणको लागि जनसङ्ख्याको जनगणना/ जनगणना जस्ता विधिमार्फत निरीक्षण गर्नुपर्छ। यिनीहरूले निरन्तर रूपमा जातिय अल्पसंख्यकहरू (विशेष रूपमा दक्षिण एशियालीहरू) को गरीबी अवस्था निरीक्षण गर्नका लागि तथ्याङ्कीय अद्यावधिकहरू उपलब्ध गराउन सक्छन्।